# स्थानीय राजपत्र

पाँचखाल नगरपालिकाद्वारा प्रकाशित

खण्ड ८) (सङ्ख्या ९ चैत १० गते, २०८१ साल )

## भाग २

### पाँचखाल नगरपालिका

**पाँचखाल नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको निर्देशिका सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

### सम्वत् २०८१ सालको निर्देशिका नं. २

### अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०८१

**प्रस्तावनाः** १ पाँचखाल नगरपालिकामा जन्मजात तथा जन्म पश्चात् हुने अपाङ्गता न्यूनीकरण गर्ने एवं अपाङ्गता भएका व्यक्तिहरू सहितको समावेशी समाजको निर्माण गर्नका लागि अपाङ्गता सम्बन्धी कार्यक्रम सञ्चालन गरी लागु गर्न वाञ्छनीय भएकाले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (त) अनुसार यस पाँचखाल नगरपालिकाको नगर कार्यपालिकाले अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०८१ स्वीकृत गरी लागू गरेको छ ।

**१· संक्षिप्त नाम र प्रारम्भः**

(१) यस निर्देशिकाको नाम "अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रम सञ्चालन निर्देशिका, २०८१" हुनेछ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ।

मस्यौदा

**२· परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(१) "कार्यक्रम"भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने "अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सम्झनु पर्छ।

(२) "नगरपालिका" भन्नाले पाँचखाल नगरपालिका सम्झनु पर्छ।

(३) "कार्यपालिका" भन्नाले पाँचखाल नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ।

(४) "संघिय मन्त्रालय भन्नाले संघीय सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय" सम्झनु पर्छ।

(५) "साझेदार संस्था" भन्नाले यस कार्यक्रममा सहकार्य गर्न इच्छुक संघ संस्थाहरूलाई सम्झनु पर्छ।

(६) "सहजकर्ता" भन्नाले समुदायमा आधारित पुन:स्थापना सहजकर्ता सम्झनु पर्छ।

(७) शाखा भन्नाले महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा सम्झनु पर्छ।

**४· कार्यक्रमको उद्देश्य**हरूः

(१) नवजात शिशु तथा १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य जाँच गरी जन्म दोष तथा हुनसक्ने अपाङ्गताको पहिचान र व्यवस्थापन गर्ने;

(२) अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका परिवारको जीवनको गुणस्तरमा सुधार ल्याउने;

(३) अपाङ्गता रोकथाम तथा पुन:स्थापना सेवा प्रदान गर्ने प्रणालीको सुदृढीकरण गर्ने।

(४) समावेशी बिकासको नमूना पालिका बन्ने ।

**५· कार्यक्रमका मार्ग निर्देशक सिद्धान्तहरुः**

(१) पालिकाको नेतृत्व र स्वामित्वमा कार्यक्रम निरन्तर सञ्चालन हुनेछ।

(२) समस्या पहिचान, योजना निर्माण, कार्यक्रमको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा कार्यक्रमको लाभको उपभोग जस्ता हरेक प्रक्रियामा लक्षित समूहहरूको सहभागिता अनिवार्य हुनेछ।

(३) कार्यक्रमलाइ प्रभावकारि रुपमा सञ्चालन गर्न इच्छुक साझेदार संस्थाको खोजि तथा पहिचान गरि आर्थिक तथा प्राविधिक सहभागितामा जुटाइने छ ।

**६· कार्यक्रमका अङ्ग तथा मुख्य क्रियाकलापः** कार्यक्रमको उद्देश्यहरू प्राप्ति गर्न देहाय बमोजिमका कार्यक्रमहरू सञ्चालन गरीनेछन्:-

(१) **प्रणाली सुदृढीकरणः** नगरपालिका अन्तर्गतको महिला तथा बालबालिका शाखालाई यस कार्यक्रमको कार्यान्वयनका लागि मुख्य जिम्मेवार शाखा बनाई उक्त शाखाको सबलीकरण, कार्यक्रमसँग सम्बन्धित अन्य शाखाहरू जस्तै स्वास्थ्य शाखा, शिक्षा शाखाहरुसँगको प्रत्यक्ष सहकार्य मार्फत एकिकृत कार्यक्रक तर्जुमा, अपाङ्गता समन्वय समितिको क्षमता विकास, कार्यक्रमका बारेमा जन प्रतिनिधिहरू र कर्मचारीहरूलाई जानकारी, समुदायमा आधारित

पुन:स्थापना सहजकर्ताहरूको व्यवस्था तथा परिचालन, वार्षिक योजना तथा बजेट तर्जुमा, नियमित अनुगमन तथा समिक्षा।

(२) **अपाङ्गता रोकथामः** नवजात शिशुहरूमा जन्म दोषा वा अपाङ्गता भए नभएको यकिन गर्न सबै नवजात शिशुहरूको स्वास्थ्य परीक्षण, दश वर्ष मुनिका सबै बालबालिकामा अपाङ्गता वा अपाङ्गता हुन सक्ने समस्या भए नभएको यकिन गर्न स्वास्थ्य परीक्षण गर्ने ।

(३) **अपाङ्गता भएका व्यक्तिहरूको सामुदायिक पुनःस्थापनाः** अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क सङ्कलन तथा अद्यावधिक, पुन:स्थापना योजना निर्माण, स्वास्थ्य उपचार, सहायक सामग्री प्रदान, फिजीयोथेरापी सेवा, अपाङ्गता भएका ब्यक्ति तथा अभिभावकहरूलाई सीप बिकास तालिम, विद्यालय भर्ना, घरैमा अनौपचारिक शिक्षा, मिलीजुली समूहहरू तथा सहकारी गठन र परिचालन, अपाङ्गता भएका व्यक्तिहरूको संस्था (ओ. पी. डी.) गठन र परिचालन, , बिउ पुँजीको व्यवस्था, क्षमता विकासका लागि तालिमहरू, अपाङ्गता भएका व्यक्तिहरूका अधिकारहरू र सवालहरूका बारेमा जनचेतनामूलक लगायतका क्रियाकलापहरू।

१३. **<u>सहजकर्ताहरूको व्यवस्था तथा परिचालनः</u>** अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई, उनीहरूकै घरदैलोमा सेवा प्रवाह गर्न नगरपालिकाले सहजकर्ताहरूको व्यवस्था गर्न सक्नेछ ।

१४. **<u>लक्षित वर्गको सहभागिताः</u>** पालिकामा रहेका लक्षित वर्गहरूको सहभागिता योजना तर्जुमा चरण देखि कार्यक्रमको समीक्षा लगायतका सबै चरणहरूमा गराइनेछ।

१५. **<u>कार्यक्रमका लागि बजेट तर्जुमा तथा परिचालन सम्बन्धमा</u>** :

(१) सहकार्य गर्न इच्छुक संस्थाहरू पहिचान गरि नगरपालिकाले आर्थिक तथा प्राविधिक सहकार्य गर्न सक्नेछ।

(२) साझेदार संस्थाबाट प्राप्त हुने रकम पालिकाको खातामा जम्मा हुनेछ ।

(३) कार्यक्रम सञ्चालन सम्बन्धी सम्पूर्ण रकम नेपाल सरकारको खर्च प्रणाली र मापदण्ड बमोजिम हुनेछ ।

(४) कार्यक्रमको लागत साझेदारी सम्बन्धी अन्य व्यवस्था साझेदार संस्थाहरूसँग भएको सम्झौता बमोजिम हुनेछ ।

१७. **<u>वार्षिक योजना निर्माणः</u>** प्रत्येक आर्थिक वर्षका लागि पालिकाले सहभागितामूलक योजना तर्जुमा प्रक्रिया अपनाई वार्षिक कार्य योजना तर्जुमा गर्नेछ । यसरी वार्षिक योजना तर्जुमा गर्दा योजना तर्जुमाका विभिन्न चरण वा तहमा देहायका व्यक्ति तथा संस्थाहरूको प्रतिनिधित्व सुनिश्चित गराउनेछ,

(१) प्रमुख तथा उपप्रमुख,

(२) वडाध्यक्षहरू,

(३) स्वास्थ्य समितिका संयोजक तथा सदस्यहरू,

(४) सामाजिक विकास समितिका संयोजक तथा सदस्यहरू,

(५) महिला तथा बालबालिका, स्वास्थ्य र शिक्षा शाखा प्रमुख,

(६) स्वास्थ्य संस्थाका इन्चार्ज तथा नर्सिङ कर्मचारीहरू,

(७) सहजकर्ताहरू,

(८) अपाङ्गता भएका व्यक्तिहरूका संस्था, मिलीजुली समूहहरू तथा मिलीजुली सहकारीका प्रतिनिधिहरू,

(९) महिला स्वास्थ्य स्वंयसेविकाहरु र आमा समूहहरूका प्रतिनिधिहरू,

१८. **कार्यक्रम कार्यान्वयनका लागि समितिः** पालिका स्तरमा कार्यक्रम प्रभावकारी कार्यान्वयनका लागि पालिका प्रमुखको संरक्षकत्वमा **अपाङ्गता अधिकार ऐन २०७४ अनुसारको अपाङ्गता समन्वय समिति गठन गरि** कार्यक्रम कार्यान्वयन गरिनेछ ,

| | |
|---|---|
| (१) उपप्रमुख | -अध्यक्ष |
| (२) प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| (३) स्वास्थ्य शाखा प्रमुख | -सदस्य |
| (४) शिक्षा शाखा प्रमुख | -सदस्य |
| (५) अध्यक्ष, अपाङ्गता भएका व्यक्तिहरूको संस्था | -सदस्य |
| (६) प्रतिनिधि, सम्बन्धित साझेदार संस्था | -सदस्य |
| (७) प्रमुख, महिला बालबालिका शाखा | -सदस्य-सचिव |

२०. **समन्वय समितिको भूमिका तथा जिम्मेवारीः**

(१) पालिका स्तरिय एकिकृत कार्यक्रम बनाउन सम्बन्धित शाखाहरु बिच सामन्वय गर्ने

(२)कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि यस कार्यक्रमसँग सम्बन्धी स्थानीय सेवा प्रदायक संस्थालाई परिचालन गर्ने,

(३) कार्यक्रमको प्रगति अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण उपलब्ध गराउने,

(४)कार्यक्रम कार्यान्वयनका क्रममा आउने समस्या तथा विवादको निरूपणका लागि पहल गर्ने,

(५) कार्यक्रमका लागि आवश्यक सहजकर्ताहरूको व्यवस्था गर्ने,

(६) कार्यक्रमको वार्षिक तथा त्रैमासिक योजनाहरू बनाउने व्यवस्था मिलाउने,

२१. **स्थानीय सहयोगी संस्थाहरुः** पालिकामा रहेका स्वास्थ्य संस्थाहरू, आमा समूहहरू विद्यालयहरू, अपाङ्गता भएका व्यक्तिहरूका संस्था, मिलीजुली समूहहरू तथा सहकारी यस कार्यक्रमका सहयोगी संस्थाहरू हुनेछन् । कार्यक्रम कार्यान्वयनका क्रममा यी संस्थाहरूको प्रत्यक्ष सहभागिता रहनेछ ।

२२. **कार्यक्रम सञ्चालनमा समन्वय र सहकार्यः** कार्यक्रम सञ्चालनमा मातृ शिशु स्वास्थ्य तथा अपाङ्गताका क्षेत्रमा काम गर्ने अन्य संस्थाहरूसँग समन्वय र सहकार्य गरिनेछ । पालिकामा रहेका अन्य राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्था मातृ शिशु

स्वास्थ्य र अपाङ्गताका क्षेत्रमा कार्यक्रम गर्न आएमा उनीहरूका कार्यक्रमहरूलाई पनि समेटेर वार्षिक योजना निर्माण गरिनेछ।

२३. **अनुगमन तथा मूल्याङ्कनः**

(१) व्यवस्थापन समितिले कार्यक्रमको प्रभावकारिताको नियमित अनुगमन गर्नेछ ।

(२) कार्यक्रमको अनुगमन व्यवस्थापन सूचना प्रणालीको प्रयोगबाट गरिनेछ ।

(३) पालिकाले सबै सरोकारवालाहरूको उपस्थितिमा अर्धवार्षिक र वार्षिक समीक्षा बैठक आयोजना गर्नेछ ।

(४) व्यवस्थापन समितिले सहजकर्ताको कामको निरन्तर अनुगमन गर्नेछ।

२४. **प्रतिवेदनः** पालिकाले कार्यक्रमको प्रगति तथा आर्थिक प्रतिवेदन समेटिएको अर्ध बार्षिक प्रतिवेदन तयार गर्नेछ, ।

२५. **बाधा अड्काउ फुकाउनेः** कार्यक्रम कार्यान्वयनको सिलसिलामा कुनै बाधा अड्काउ आइपरेमा व्यवस्थापन समितिले फुकाउन सक्नेछ।

२६. **मार्गदर्शन बनाउन सक्नेः** यस निर्देशिकाको कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक मार्गदर्शन बनाउन सक्नेछ।

२७. **संशोधन वा खारेजीः** यस निर्देशिकालाई आवश्यक संशोधन वा खारेजी गर्ने अधिकार नगर कार्यपालिकामा निहित हुनेछ।

२८. **प्रदेश र सँघीय सरकारसँगको सहकार्यः** यस कार्यक्रमलाइ थप प्रभावकारि बनाउन पालिकाले प्रदेश र सँघीय सरकारसँग सहकार्यका लागि प्रस्ताव गरि सहकार्य गर्ने छ । योजना आयोगको बिशेष अनुदान कार्यक्रम जस्ता अन्य सँघीय तथा प्रादेशिक निकायहरुसँग कार्यक्रमका लागि प्रस्ताव पेश गर्न सकिनेछ ।

**प्रमाणिकरण मितिः २०८१/११/३**

**आज्ञाले,**
**अच्युत राज रेग्मी**
**प्रमुख प्रशासकीय अधिकृत**

मस्यौदा